# मिति २०७८।१०।०२ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१ :** नेपालगंज उप-महानगरपालिकामा यस अगाडी भएका कार्यपालिकाका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल भई कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्याव्वयनको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त थारु कल्याणकारिणी सभाको मिति २०७८।०९।१८ मा पेश भएको पत्रअनुसार आर्थिक सहयोग माग सम्बन्धमा रु.५,०००।- (अक्षेरुपी पाँच हजार मात्र) थारु कल्याणकारिणी सभालाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.३ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त अन्तरप्रेरणा प्रा.लि. को मिति २०७८।०९।२६ मा पेश भएको पत्रअनुसार नेपालगंज उप-महानगरपालिकाको आर्थीक सहयोग तथा अन्तरप्रेरणा प्रा.लि. को सहजिकरण तथा सहकार्यमा नयाँ व्यवसाय प्रवर्धन कार्यक्रम संचालनको यही पौष मसान्त सम्म मात्र कार्यक्रम सम्झौताको समय रहेकोमा कार्यक्रम समाप्तगर्न थप दुई महिना आबश्यक भएको देखिएकाले सम्झौताको म्याद २ महिना थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त बाँके जिल्ला हक्की संघको मिति २०७८।०९।२८ मा पेश भएको पत्रअनुसार आर्थीक सहयोग माग सम्बन्धमा रु.५५,०००।- (अक्षेरुपी पच्पन्न हजार) मात्र बाँके जिल्ला हक्की संघलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५ :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त महिला उद्यमी संघ,बाँकेको मिति २०७८।०९।१५ पत्र अनुसार महिलाद्धारा उत्पादित सामग्रीहरुको लुम्बिनी प्रदेशस्तरीय प्रदर्शनी कार्यक्रम २०७८ संचालनार्थ आर्थीक सहयोग माग सम्बन्धमा रु.१०,०००।-(अक्षेरुपी दश हजार) मात्र महिला उद्यमी संघ,बाँकेलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६ :** यस उप-महानगरपालिकामा नेपालगंज उप-महानगरपालिका वडा नं १४ को मिति २०७८।०९।३० को पत्र अनुसार विभिन्न स्थान सडक बाटो नालामा हयूमपाईप ८ (आठ) थान नगरकार्यपालिकाको निर्णयबाट हुने खर्च शिर्षकबाट ब्ययभार हुनेगरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७ :** नेपालको संविधानको धारा ५६ बमोजिम राज्यको संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको व्यवस्था रहेको राज्यशक्तिको बाँडफाँड धारा५७(४) स्थानीय तहको अधिकार नगर सभाले बनाएको कानुन बमोजिम हुने भनि उल्लेख भएको, धारा २१४ बमोजिम कार्यकारिणी अधिकार प्रयोग गरी स्गानीय तहको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र संचादन गर्ने , व्यस्थापकीय अधिकार धारा २२१ ले नगर सभामा निहित रहेको,धारा २२६ बमोजिम कानुन बनाउने अधिभारा यस नेपालगंज उप-महानगरपालिकाको नगरसभामा रहेकोले सो अधिकार प्रयोग गरी यस नेपालगंज उप-महानगरपालिकाको नगरकार्यपालिकाबाट पेश भएका देहाय बमोजिमका विद्येयकहरुलाई दशौ नगर सभामा स्वीकृतका लागि पेश गर्ने निर्णय गरियो ।

१ नगर संचार नीति, २०७८

२ भू-उपयोग ऐन, २०७८

**निर्णय नं.८ :** यस कार्यालयका तत्काली समयमा कार्यरत डि.इन्जिनियर श्री कर्ण बहादुर के.के. को सम्मानीत सर्वोच्च्व अदालतमा विचाराधिन मुद्दा रहदाकै समयमा अवकास भै जादा अधिकृत छैठौ तहको सेवा सुविधा भुक्तानी भएकोमा सम्मानीत अदालतको आदेशानुसार छैठौ र सातौ तह विचमा

## मिति २०७८।१०।०२ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

अशुलउपर भएको रकम र अधिकृत सातौ तह कै सेवा सुविधाका आधारमा भुक्तानी हुन बाँकी रहेको उपदान रकमले हुन आउने कुल ४ लाख २ हजार ७४२ रुपैया ९२ पैसा निजका नाममा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** यस उप-महानगरपालिकाको आर्थिक प्रशासन शाखाबाट पेश भए बमोजिम चालु आ.व.२०७८।२०७९ को मिति २०७८।०९।३० सम्मको संचित कोषमा प्राप्त आम्दानी तथा खर्च खाताहरुमा गरिएको ट्रान्सफर, खर्च शिर्षक अनुसार आय व्यय विवरण र वडा कार्यालयहरुबाट प्राप्त बजेट संसोधन (अनुसुची २) नवौ नगर सभाबाट विनियोजित खर्च अपुग हुने कर्यकमहरु र सो कार्यकममा हुने खर्चको विवरण ( अनुसुची १) माथि व्यापक छलफल भयो । सो विवरणहरु समेत अनुमोदन कार्यका लागि दशौ नगर सभामा समेत पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१० :** नेपालगंज उप-महानगरपालिकामा प्राप्त राष्ट्रिय जनमोर्चाको मिति २०७८।०९।१४ मा पेश भएको पत्र अनुसार आर्थीक सहयोग माग सम्बन्धमा रु.५०००।- (अक्षेरुपी पाँच हजार) मात्र राष्ट्रिय जनमोर्चाको अभियानलाइ उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.११ :** यस उप-महानगरपालिका स्वास्थ्य महाशाखा अर्न्तरगत स्टोरमा औषधि उपकरणहरु व्यवस्थापन गर्न समस्या परेकोले उक्त कार्य गर्नका लागि १ (एक) जना फार्मेसिष्ट पदमा सेवा करारमा लिई निजलाई औषधि उपकरण तथा स्वास्थ्य जन्य सामाग्रीहरु व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाउने निर्णय गरियो ।

**निर्णय नं.१२ :** निवेदक फन बहादुर गुरुङ, नेपालगज उपमहानगरपालिका वडा नं. २२ बाँकेको कान्तितालको सम्झौता अनुसार पानी सुकाउने र बाँकी काम सम्पन्न गर्ने बारेको निवेदनमा उल्लेख भए अनुसारको कान्तितालको पानी सुकाउने र मर्मत गर्ने समयसम्मको लागि जम्मा ५ (पांच) महिना सम्मको भाडा मिनाहा गर्नेको साथै तालको लेवल कार्यको लागि रु ५ (पांच) लाख विनियोजन गरी पर्यटकीय स्थल कान्तिताल संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** नेपालगंज उप-महानगरपालिका वडा नं. ४ बाट मिति २०७८।०९।२० गतेको पत्रानुसार नेपालगंज उप-महानगरपालिका वडा नं. ४ स्थित गणेशपुर रोड देखी ए.बी.सी. स्कुल जाने रोड कल्भट सम्म १०९ मिटर लम्बाई दुबै तर्फ नाला सहित ७ मिटरको बाटो मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ :** साविक वडा नं .३ हाल नेपालगंज उप-महानगरपालिका वडा नं. २ सिट नं. ०३५-१४५०-०१ कित्ता नं. १७ बाट ३ मि. पुर्व तर्फ र कित्ता न. २७,२८,२२९ को पश्चिम तर्फबाट ३ मिटर हुने गरी जम्मा ६ मिटरको बाटो खुलाउने निर्णय गरियो ।

**निर्णय नं.१५ :** संघीय सरकारबाट नेपालगञ्ज उप-महानगरपालिकाको लागिचालू आ.व. २०७८।०७९ मा स्वीकृत विशेष अनुदानतर्फ मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाती तथा लोपोन्मुख जातिका व्यक्तिहरुको व्यावसायिकता प्रवर्द्धन कार्यक्रममाप्राप्त रकमका सम्बन्धमा नगर कार्यपालिकाको मिति २०७८।०७९ गतेको निर्णय अनुसार निर्धारित क्रियाकलापतर्फ उल्लेखित समूहकै व्यक्तिहरुको सहभागीतामा लोकसेवातयारी कक्षाअन्तर्गत् प्राविधिकतर्फ खरिदार, नासु र अप्राविधिकतर्फ स्टाफ नर्स, नसिंङ्ग, ईन्जिनियर लगायत विषयकालागी ईच्छुक योग्यता पुगेका युवायुवतीहरुलाई दरखास्त मागकालागी पटक पटक सूचना प्रकाशित भएकोमा पर्याप्त उम्मेदवारहरुको आवेदन प्राप्त नभएको साथै तालिम प्रदायक संस्था समेत छनौट हुननसकेको सन्दर्भमामिति २०७८।०९।१९ गते पुनः सूचना प्रकाशितगर्दा शिक्षक सेवाआयोग सम्बन्धीतयारी कक्षालाई समेत उक्त सूचनामा समावेश गरी प्रकाशित गरिएकोले सो बमोजिम भएको संशोधन अनुमोदनगर्ने निर्णय गरियो ।

घटाउनुपर्ने कार्यक्रमहरु

| न. | खर्च शिर्षक नं. | शिर्षकको नाम | बजेट | घटाउनुपर्ने बजेटको स्रोत |
|---|---|---|---|---|
| | २२५२२ | उपमहानगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको स्वास्थ्य बीमा | ३५०,०००.०० | नेपाल सरकार समानिकरण अनुदान |
| | ३१४११ | महानगर भवन निर्माणको लागि जग्गा व्यवस्थापन | २०,०००,०००.०० | आन्तरिक श्रोत |
| | ३११५९ | सेवाग्राही प्रतिक्षालय निर्माण | १,०००,०००.०० | आन्तरिक श्रोत |
| | ३१४११ | नेपालगञ्ज उपमनपा र जानकी गाउँपालिका विचबाट जाने नालाको जम्मा क्षेत्रफर मुआव्जा (जग्गा अधिग्रहण) | १६,७००,०००.०० | आन्तरिक श्रोत |
| | | जम्मा | ३८,०५०,०००.०० | |

थप गर्नु पर्ने बजेट शिर्षकहरु

| न. | खर्च शिर्षक नं. | शिर्षकको नाम | सुरु विनियोजन रकम रु. | सुरु विनियोजन स्रोत | हाल सम्म खर्च भएको रकम रु. | थप गर्नु पर्ने बजेट | थप गर्नु पर्ने बजेटको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | २२२१२ | सवारी ईन्धन सरसफाई तर्फ | २०००००० | राजस्व बाँडफाँड - संघीय सरकार | १७६१२९५.४२ | १,२००,०००.०० | आन्तरिक श्रोत |
| | २८१४२ | घर भाडा | ५००००० | आन्तरिक श्रोत | २९६६२० | ५००,०००.०० | आन्तरिक श्रोत |
| | २२६१२ | भ्रमण खर्च - कर्मचारी | ५००००० | आन्तरिक श्रोत | ४९०३०० | १,०००,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | संचार क्षेत्र प्रवर्धन कार्यक्रम (कोष, बुलेटिन, रेडियो, टेलिभिजन, सूचना समेत) | १५००००० | राजस्व बाँडफाँड - स्थानीय | - | १,०००,०००.०० | आन्तरिक श्रोत |
| | ३११५९ | अन्य भौतिक संरचना निर्माण तथा रङ्गरोगन | २०00000 | आन्तरिक श्रोत/नेपाल सरकार समानिकरण | १०९८५८५.९९ | ३५०,०००.०० | नेपाल सरकार समानिकरण अनुदान |
| | ३११५९ | अन्य भौतिक संरचना निर्माण तथा रङ्गरोगन | | | | १,३५०,०००.०० | आन्तरिक श्रोत |
| | | जम्मा | ६,५००,०००.०० | - | ३,६४६,८०१.४१ | ५,४००,०००.०० | - |

नयाँ कार्यक्रमहरु

| न. | खर्च शिर्षक नं. | शिर्षकको नाम | बजेट | थप गर्नु पर्ने बजेटको स्रोत |
|---|---|---|---|---|
| | २२४१९ | आधारभूत/शहरी स्वास्थ्यकेन्द्रमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक | ६,५००,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | जनप्रतिनिधिहरुको सम्मान कार्यक्रम | ३००,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | साक्षरता अभियान तथा साक्षर नगर घोषणा कार्यक्रम | ५००,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | सुरक्षित उपमहानगरपालिकाका लागि CCTV जडान, मर्मत तथा सञ्चालन कार्यक्रम | १,०००,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | नेपालगञ्ज उपमहानगरपालिका संग्राहलय स्थापना कार्यक्रम | ५००,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | कार्यपालिकाको बैठक हल सुदृढिकरण कार्यक्रम | ९९०,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | सडक बालबालिका मुक्त उपमहानगरपालिका कार्यक्रम | १००,०००.०० | आन्तरिक श्रोत |
| | २२४१९ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको थप पारिश्रमिक (६ महिना मात्र) | ५,४६०,०००.०० | आन्तरिक श्रोत |
| | ३११५९ | कान्ति ताल सुधार कार्यक्रम | ५००,०००.०० | आन्तरिक श्रोत |
| | ३११५९ | शौचालय निर्माण कार्यक्रम | ८००,०००.०० | आन्तरिक श्रोत |
| | ३१४११ | नेपालगञ्ज उपमनपा र जानकी गाउँपालिका विचबाट जाने नालाको जम्मा क्षेत्रफर मुआव्जा (जग्गा अधिग्रहण) | ३००,०००.०० | आन्तरिक श्रोत |
| | ३११५९ | वडा नं. ९ मा वडा कार्यालय भवन निर्माण स्थलमा माटो पटान | ४००,०००.०० | आन्तरिक श्रोत |
| | ३११५९ | वडा नं. १० मा विद्युत कार्यालयबाट पूर्वतर्फ गणेश मन्दिरसम्म सडक स्तरोन्नती | १,०००,०००.०० | आन्तरिक श्रोत |
| | ३११५९ | लागत सहभागिता कार्यक्रम(८०:२०) र नगर प्रमुख तथा उपप्रमुखबाट सञ्चालन हुने कार्यक्रममा थप | २,०००,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | गर्ल्स कलेज सम्वद्धनका लागि सम्वद्धन शुल्क थप | ६,०००,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | वडा नं. २० स्थित जय जनता मा.बि. थपुवाको खेल मैदान निर्माण | ३००,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | विपद् व्यवस्थापन कोष थप रकम | २,५००,०००.०० | आन्तरिक श्रोत |
| | २२५२२ | वडा नं.२० स्थित आदर्श उच्च मा.बि. को फिल्ड निर्माण | ५००,०००.०० | आन्तरिक श्रोत |
| | २२४१९ | शिलालेखा लेखन कार्यक्रम | ५००,०००.०० | आन्तरिक श्रोत |
| | २२४१९ | प्रारम्भिक बाल विकास केन्द्रका कर्मचारी र लेखापालहरुको थप तलब | २,५००,०००.०० | आन्तरिक श्रोत |
| | | जम्मा | ३२,६५०,०००.०० | |

स्रोत मिलान गर्नु पर्ने कार्यक्रमहरु

| | खर्च शिर्षक नं. | शिर्षकको नाम | स्रोतान्तर गर्नु पर्ने रकम | हालको स्रोत | परिवर्तन गर्नु पर्ने स्रोत |
|---|---|---|---|---|---|
| | ३११५८ | मुख्य सडक सरसफाई कार्यक्रम | ५,०००,०००.०० | राजस्व बाँडफाँड — स्थानीय | नेपाल सरकार - समानिकरण अनुदान |
| | ३११५१ | संघ समपूरक खर्च | ५,०००,०००.०० | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड — स्थानीय |

शिर्षक मिलान गर्नु पर्ने कार्यक्रमहरु

| | खर्च शिर्षक नं. | शिर्षकको नाम | रकम | परिवर्तन गर्नु पर्ने शिर्षक | परिवर्तन गर्नु पर्ने स्रोत |
|---|---|---|---|---|---|
| | २२५२२ | अपांगता भएका व्यक्तिहरुको मागमा आधारित कार्यक्रम | ५००,०००.०० | अपांगता अधिकार प्रवर्द्धन कोष | राजस्व बाँडफाँड — स्थानीय |
| | २२५२२ | महिला स्वास्थ्य स्वयं सेविकालाई स्वास्थ्य बीमा वापत सहभागी शुल्क | ३५२,०००.०० | नेपालगंज उपमहानगरपालिका अन्तरगतका प्रत्येक स्वास्थ्य संस्थामा eLMIS सेवा विस्तार गर्न प्रिन्टर खरिद | आन्तरिक श्रोत |

| | |
|---|---|
| श्रोत आवश्यक | ३८,०५०,०००.०० |